नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६, संख्याः २७, फाल्गुण ३० गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग २

## सिद्धलेक बासिहरुका लागि विद्युत २० युनिट भन्दा कम महशुल छुट कार्यक्रम कार्यविधि,२०७९

गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९

# सिद्धलेक वासिहरुका लागि विद्युतमा २० युनिट भन्दा कम महशुल छुट कार्यक्रम कार्यविधि, २०७९

सिद्धलेक गाउँपालिकाका आम नागरिकलाई विद्युतको सहज र सरल पहुँच स्थापित गर्नु स्थानीय सरकारको कर्तव्य हो । विद्युतिकरणको विस्तार र विकास मार्फत जनतालाई घर/घरमा विजुली वत्ति पुऱ्याई उज्यालो सिद्धलेक बनाउने अभियानमा गाउँपालिका रहेको छ । जनताको दैनिक जिवनमा उर्जाको महत्वपूर्ण भूमिका हुन्छ । उर्जा विना आधुनिक युगमा मानिस प्रविधी मैत्री बन्न सक्दैन । जव प्रविधिको ज्ञान हुँदैन तव व्यक्ति प्रतिस्पर्धामा आउन सक्दैन जसका कारण रोजगारी र अवसरवाट बञ्चितमा परि गरिवीको दुस्चक्रमा व्यक्ति पर्दछ । गाउँपालिका सम्पूर्ण नागरिकलाई विद्युत महशुल छुट दिने गरि वार्षिक नीति तथा कार्यक्रम गाउँपालिकाले बनाएको छ । उक्त नीति तथा कार्यक्रम मार्फत न्यून विद्युत महशुल तिर्न पनि कठिन भएका नागरिकलाई महत्वपूर्ण सहयोग पुग्नेछ । अन्य व्यक्तिहरुको घरमा समेत गाउँपालिकाको उपस्थितीले गाउँपालिकावासीहरुको गाउँपालिका प्रति सकारात्मक भाव पैदा गर्नेछ । नागरिक प्रति स्थानीय सरकालाई उत्तरदायी बनाउन र नागरिकलाई स्थानीय सरकार प्रति अपनत्व भाव वृद्धि गर्न सम्पूर्ण सिद्धलेकवासीहरुलाई न्यूनतम २० युनिट भन्दा कम महशुल गाउँपालिकाले तिर्न बाञ्छनिय भएकोले यो कार्यविधि बनाई लागु गरिएको छ ।

१. यो कार्यविधी तुरुन्त लागू हुनेछ ।

२. **कार्यविधिको नामः** यस कार्यविधिको नाम "सिद्धलेक बासिहरुका लागि २० युनिट भन्दा कम विद्युत महशुल छुट सम्वन्धी कार्यविधि, २०७९" रहेको छ । "

३. **स्थानीय सरकार भन्नालेः-** सिद्धलेक गाउँपालिका भन्ने बुझिन्छ ।

४. **प्राधिकरण भन्नालेः-** नेपाल विद्युत प्राधिकरण तथा सो संग सामुदायिक विद्युत सञ्चालन गर्ने संस्था समेत सम्झनु पर्दछ ।

५. **ग्राहक भन्नालेः-** नेपाल विद्युत प्राधिकरण तथा सो संग सामुदायिक विद्युत सञ्चालन गर्ने संस्थासंग मिटर बक्स जडान गरि ग्राहक संकेत नं. प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ ।

६. **न्युनतम शुल्क भन्नालेः-** २० युनिट भन्दा तलको युनिट अंकलाई पनि बुझिनेछ ।

**७. कार्यक्रमको उद्देश्यः-**

❖ प्रत्येक सिद्धलेक बासीलाई विद्युत पहँचमा पुऱ्याउनु ।

❖ गरिब/असहायलाई विद्युत महशुल स्थानीय सरकारले तिरी विद्युत जडानमा उत्प्रेरित गर्नु ।

❖ स्थानीय सरकारप्रति सिद्धलेकबासीको अपनत्व अभिवृद्धि गर्नु ।

- ❖ गाउँवासी धनि वा गरिब जो भएतापनि समानताका आधारमा विद्युत महशुल तिरीदिई सामाजिक न्याय कायम गर्नु ।
- ❖ उर्जाको प्रयोगमा ग्राहकहरुलाई उत्प्रेरित गरि बढि भन्दा बढि उर्जा खपतमा जोड दिनु ।
- ❖ सम्पूर्ण गाउँबासीको घर-घरमा स्थानीय सरकारको उपस्थिती स्थापित गर्नु ।
- ❖ ग्राहकहरुलाई विद्युत महशुल तिर्दा हुने हैरानी र कष्टमा कमी ल्याउनु ।

## लाभग्राहीहरुको छनौट र प्रकार

सिद्धलेक गाउँपालिकामा विद्युत पहुँचमा पुगेका ग्राहकहरुको अन्तिम नामावली नेपाल विद्युत प्राधिकरण तथा सो संग सामुदायिक विद्युत सञ्चालन गर्ने संस्थावाट गाउँपलिकाले प्राप्त गर्नेछ मासिक रुपमा जडान गर्ने र छुटाउने विद्युतका कारण सो संख्या मासिक रुपमा घटबढ हुने देखिन्छ । विद्युत जडान गरेका विभिन्न प्रकृतिका ग्राहकहरु देखिन्छ ।

१. ५ AMP को मिटर जडान गरि २० युनिट सम्म र सो भन्दा बढी विद्युत खपत गर्ने ग्राहकहरु
२. १५ AMP को मिटर जडान गरि २० युनिट सम्म र सो भन्दा बढी विद्युत खपत गर्ने ग्राहकहरु
३. Cut out System मार्फत ५० Watt र १०० Watt सम्मको विद्युत खपत गर्ने ग्राहकहरु
४. Cut out System १०० Watt भन्दा बढि विद्युत खपत गर्ने ग्राहकहरु
५. विभिन्न उद्योग, कलकारखानामा १५ AMP भन्दा माथि विद्युत मिटर जडान गरेका उद्योग,कलकारखानाहरु
६. विभिन्न सिंचाई आयोजना( लिफ्ट सिंचाई ) आयोजनाहरुले मिटरबक्स जडान गरेका ग्राहकहरु
७. विभिन्न खानेपानी निर्माण संरचना र आयोजनाहरुमा विद्युत जडान गरेका ग्राहकहरु

## महशुल छुट पाउने ग्राहकहरु

नेपाल विद्युत प्राधिकरण तथा सो संग सामुदायिक विद्युत सञ्चालन गर्ने संस्थाका ग्राहकहरु

- ❖ सिद्धलेक गाउँपालिका बासि हनुपर्नेछ ।
- ❖ नेपाल विद्युत प्राधिकरण तथा सो संग सामुदायिक विद्युत सञ्चालन गर्ने संस्थाबाट अनिवार्य रुपमा विद्युत मिटर जडान गरि ग्राहक संकेत नम्बर प्राप्त गरेको हुनुपर्नेछ ।
- ❖ सिद्धलेक गाउँपालिकामा वसोवास गर्ने र विद्युत मिटरवक्स जडान गरेको सम्पुर्ण सिद्धलेकबासी हुनुपर्नेछ ।

सिद्धलेक गाउँपालिका

- ५ AMP को MCB जडान गरि मासिक न्यूनत्तम २० युनिट भन्दा कम विद्युत खपत गर्ने ग्राहहरुको सम्पुर्ण विद्युत महशुल गाउँपलिकाले तिर्नेछ ।
- १५ AMP को MCB जडान गरि मासिक न्यूनतम २० युनिट भन्दा कम विद्युत खपत गर्ने ग्राहहरुको सम्पुर्ण विद्युत महशुल गाउँपालिकाले तिर्नेछ ।
- मासिक २० युनिट वा सो भन्दा माथि विद्युत खपत गर्ने सम्पुर्ण ग्राहकहरुको महशुल स्वयम् ग्राहकहरुले तिर्नु पर्नेछ ।
- Cut Out System मार्फत ५० Watt र १०० Watt सम्मको न्यूनतम लागत महशुल रकम समेत गाउँपालिकले ग्राहकहरुको नाममा नेपाल विद्युत प्राधिकरण तथा सो संग सामुदायिक विद्युत सञ्चालन गर्ने संस्थामा विवरण प्राप्त भएपछि एकमुष्ठ तिरिदिनेछ ।
- सिद्धलेक गाउँबासिहरुका लागि २० युनिट भन्दा कमको विद्युत महशुल छुट कार्यक्रम लागि सिद्धलेक गाउँपलिका, र नेपाल विद्युत प्राधिकरण तथा सो संग सामुदायिक विद्युत सञ्चालन गर्ने संस्था विचको सम्झौता अनुसूची – १ मा उल्लेख भए अनुसार हुनेछ ।

## नेपाल विद्युत प्राधिकरणका ग्राहकहरु

- सिद्धलेक गाउँपालिकाबासी हुनुपर्नेछ ।
- नेपाल विद्युत प्राधिकरणबाट अनिवार्य रुपमा विद्युत मिटर जडान गरि ग्राहक संकेत नम्बर प्राप्त गरेको हुनुपर्नेछ ।
- सिद्धलेक गाउँपलिकामा वसोवास गर्ने र विद्युत मिटरवक्स जडान गरेको सम्पुर्ण सिद्धलेकवासि हनुपर्नेछ ।
- न्युनतम २० युनिट भन्दा कम विद्युत खपत गर्ने ग्राहकहरुको सम्पुर्ण विद्युत महशुल गाउँपलिकाले उपलब्ध गराउनेछ ।
- मासिक २० युनिट वा सो भन्दा माथि विद्युत खपत गर्ने सम्पुर्ण ग्राहहरुको महशुल स्वयम् ग्राहकहरुले तिर्नुपर्नेछ ।
- विद्युत महशुल प्राप्त गर्नका लागि मासिक २० युनिट भन्दा कम विद्युत खपत गरि नेपाल विद्युत प्राधिकरणमा विद्युत महशुल तिरेको रसिद/भौचर असारको पहिलो हप्ताभित्र गाउँपालिकामा पेश गर्नुपर्नेछ । उक्त रसिद/भौचर प्राप्त हुन आए पश्चात् गाउँपालिकाले न्युनतम विद्युत महसुल सम्वन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ ।
- यसरी न्युनतम विद्युत महशुल उपलब्ध गराउँदा विलम्व शुल्क वा हर्जना वापतको रकम उपलब्ध गराइने छैन ।

**११. अन्य व्यवस्था सम्वन्धमाः-** नेपाल विद्युत प्राधिकरणसंग सम्झौता भई कार्यान्वयन हुन नसक्ने अवस्था भएमा कार्यालयले सोझै सूचना जारी गरी तोकिएका लाभग्राहीहरुको निवेदन,बैंक खाता र विद्युत महशुल भुक्तानी विलको आधारमा उपभोक्तालाई नै महशुल  रकम दिईनेछ ।

**१२. बाधा अड्काउ फुकाउने अधिकारः-** यस कार्यविधिले व्यवस्था गरेको कुनै प्रावधान कार्यान्वयन गर्न बाधा अड्काउ फुकाउनु परेमा गाउँपालिका कार्यपालिकाले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१३. संशोधन गर्न सक्नेः-** यस कार्यविधिमा भएका कुनै संशोधन गर्नुपर्ने आवश्यकता महशुस भएमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

सिद्धलेक गाउँपालिका

# अनुसूची – १

सिद्धलेकवासीहरुका लागि २० युनिट भन्दा कम विद्युत महसुल छुट कार्यक्रम सञ्चालन गर्ने सिद्धलेक गाउँपलिका, र ................................. वीच गरिएको सम्झौता पत्र

सिद्धलेक गाउँपालिका, (जसलाई यस पछि प्रथम पक्ष भनिनेछ) र ......................स्थित रहेको श्री .......................................... ( जसलाई यस पछि दोस्रो पक्ष भनिनेछ ।) दुवै पक्ष विच मिति .................................. मा गाउँपलिकाको आ.व ...................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.व.............. को लागि सिद्धलेक गाउँपालिकावासीहरुका लागि २० युनिट भन्दा कम विद्युत महसुल छुट कार्यक्रमका लागि निम्न शर्तहरुको पूर्ण रुपमा पालना गर्ने गरि दुवै पक्ष मञ्जुर भई यो सम्झौता पत्रमा सही गरिदियौं/लियौं ।

१. यो सम्झौता ५ र १५ एम्पियर मिटर तथा कटआउट ग्राहस्थ ग्राहकहरु ९०/- रुपैया सम्म भुक्तानी गर्नेहरुलाई मात्र लागु हुनेछ ।

२. सिद्धलेक गाउँपालिका अन्तर्गतका सम्पुर्ण ग्राहकहरुको नामावली, विद्युत खपत युनिट र मासिक तिर्नुपर्ने रकमको बारेमा पहिलो पक्षलाई दोस्रो पक्षले प्रत्येक महिनाको ५ गते भित्र जानकारी दिनुपर्नेछ ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई विद्युत महशुल वापतको अनुमानित रकम पेश्की स्वरुप नियमित हरेक तिन महिनाको अग्रिम भुक्तानी गर्नु पर्नेछ र दोस्रो पक्षले ५० र १०० वाट कटआउट ग्राहस्थ तथा २० युनिट भन्दा कम खपत गर्ने मिटर ग्राहस्थ ग्राहकहरुको महशुल रकमको हिसाव मिलान गरि विल भुक्तानी गर्ने, महिनाको १० गते भित्र त्यसको विवरण दोस्रो पक्षले प्रथम पक्षलाई दिनु पर्नेछ ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई मासिक विद्युत महशुल भुक्तानी नगरेमा ग्राहक स्वंयमले दोस्रो पक्षलाई नियमानुसार विद्युत महशुल भुक्तानी गर्नु पर्नेछ । सो को वारेमा प्रथम पक्ष स्वयम ग्राहकलाई समयमानै जानकारी गराउनुपर्नेछ ।

५. प्रथम पक्षले १० गते भित्र दोस्रो पक्षलाई विद्युत महशुल भुक्तानी नगरेमा नियमानुसार सम्वन्धित ग्राहकको विलम्व शुल्क समेत प्रथम पक्षले दोस्रो पक्षलाई दिनुपर्नेछ प्रथम पक्षले विद्युत महशुल वक्यौदा रहन गई ग्राहकको विद्युत लाईन विच्छेदन गर्न परेमा सो को जवाफदेहि प्रथम पक्ष हुनेछ ।

६. प्रथम पक्षले विद्युत महशुल वापतको पेश्की रकम भुक्तानी गर्दा दोस्रो पक्षले तोकेको बैंक खातामा जम्मा गरि त्यसको भौचर दोस्रो पक्षलाई १० गते भित्र उपलब्ध गराउनु पर्नेछ ।

७. सिद्धलेक गाउँपालिका अन्तर्गत रहेका उद्योग, कलकारखाना,सिंचाई आयोजना खानेपानी आयोजनाहरुको हकमा पहिलो पक्षले कुनै भुक्तानी गर्ने छैन ।

८. कट आउट प्रणालीका १०० वाट भन्दा माथिका ग्राहस्थ र २० युनिट भन्दा बढी विद्युत खपत गर्ने मिटर ग्राहस्थ ग्राहकहरुले स्वयम् विद्युत महशुल भुक्तानी गर्नु पर्नेछ ।

९. मर्मत तथा सेवा शुल्कको रकम ग्राहकले सोझै दोस्रो पक्षलाई भुक्तानी गर्नुपर्नेछ ।

१०. यो सम्झौता ......................................... सम्मका लागि मात्र हुनेछ ।

| | |
|---|---|
| गाउँपालिकाको तर्फवाट( पहिलो पक्ष) | ...............................(दोस्रो पक्ष) |
| हस्ताक्षर..................... | हस्ताक्षर ............................ |
| नामः- | नामः- |
| पदः- प्रमुख प्रशासकीय अधिकृत | पदः |
| मितिः- | मितिः- |
| | |
| हस्ताक्षर........................ | हस्ताक्षर ....................... |
| नामः- | नामः- |
| पदः- | पदः- |
| कार्यालयको छापः- | कार्यालयको छापः- |

सिद्धलेक गाउँपालिका